# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

अन्तर्राष्ट्रिय मुद्रा कोषको नेपालस्थित आवासीय प्रतिनिधि श्री अलेक्जेण्डर पिटको बिदाइमा असोज १३ गते नेपाल राष्ट्र बैंकले एक समारोहको आयोजना गऱ्यो ।

बिदाइ समारोहमा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. युवराज खतिवडाले श्री पिटको कार्यकालमा उहाँबाट बैंकलाई प्राविधिक सहयोग तथा सुझाव प्राप्त भएको उल्लेख गर्नुभयो ।

श्री पिटको कार्यावधि सफल भएको चर्चा गर्दै गभर्नर डा. खतिवडाले आवासीय प्रतिनिधि कोषको मुख्यालय सरे पनि बैंकलाई कोषबाट प्राप्त हुने सहयोग अझै दरिलो हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

समारोहमा श्री पिटले अब उप्रान्त नेपालको क्रियाकलाप भारतको नयाँ दिल्लीस्थित कोषको आवासीय प्रतिनिधिले हेर्ने भए तापनि कोषबाट नेपाललाई प्राप्त हुने सहयोगमा कुनै कमी नआउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।





श्री पिटले २००६ अगष्टदेखि नेपालको लागि कोषको आवासीय प्रतिनिधि भई कार्य गर्नुभएको थियो । उहाँको कार्यकाल २०१० अक्टोबरमा समाप्त भएको छ ।

समारोहमा अर्थमन्त्री श्री सुरेन्द्र पाण्डे, बैंक सञ्चालक समितिका सदस्यहरु लगायत बैंकिङ क्षेत्रसँग सम्बन्धित विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

गभर्नरको कार्यालय